**नेपाल लाइफ**
**इन्स्योरेन्स कं. लि.**

# आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिक सम्मको वित्तीय परिणाम

## वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ४५,२४३,३२४,५०८ | ३८,५५४,६८२,२९० | ३१,४३३,४४३,१५२ |
| १.१ | चुक्ता पूँजी | ३,०९६,४२८,६२५ | २,१६७,५००,००० | १,७३४,०००,००० |
| १.२ | जगेडा तथा कोष | ४,७३३,७५६,६१५ | १,०१०,०११,५७१ | ७२८,७५७,५६२ |
| १.३ | जीवन बीमा कोष | ३७१८८१८३९९४ | ३५,१५२,२१५,४४५ | २८,८३६,३९३,७४० |
| १.४ | महाविपत्ती कोष जगेडा | २२४,९५५,२७४ | २२४,९५५,२७४ | १३४,२९१,८४९ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ४५,२४३,३२४,५०८ | ३८,५५४,६८२,२९१ | ३१,४३३,४४३,१५२ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३१५,९२४,९१४ | ३१९,५३८,१२१ | ३२६,९८६,११८ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ३१,६११,८३०,७९५ | १८,२७४,७१६,७५२ | २२,०९८,३६८,२४२ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ५,३९२,१०६,००० | ४,८२५,०४९,४४१ | ३,२९०,२६०,३५१ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ७,९१४,५१०,७१२ | १५,१२६,४२५,८८९ | ५,७०५,६५०,४५८ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ८,९५२,०८७ | ८,९५२,०८७ | १२,१७७,९८२ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | १०,०२८,९८७,६१२ | १७,१७५,५५६,१२५ | ६,९७६,६५४,०५८ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १२३,२४२,०९९ | १६,६६६,४६५ | ११५,२९५,४१३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ७,२८२,६७९,२५३ | १४,७२९,७८९,६०८ | ४,६९२,६१०,०७७ |
| ३.३ | अन्य सम्पत्ती | २,६२३,०६६,२६१ | २,४२९,१००,०५२ | २,१६८,७४८,५६८ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | २,११४,४७६,९०० | २,०४९,१३०,२३६ | १,२७१,००३,६०० |
| ४.१ | चालु दायित्व | १,०६६,८७२,४६६ | १,११५,९६६,९१७ | ४७९,६६३,३४५ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २७४,९८३,७०८ | २४७,४८३,७०८ | ३१७,७८९,१८२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ५८०,०९३,८८४ | ३७९,१७१,४१० | २४६,१८२,४३८ |
| ४.४ | अन्य व्यवस्था | १९२,५२६,८४३ | ३०६,५०८,२०१ | २२७,३६८,६३५ |

## नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ५४२,१३१,०२२ | ३१५,८२१,४५२ | ३३०,४७२,३४२ |
| १.१ | आय व्यय हिसावबाट सारेको | ३४३,६३३,७०१ | २२१,२८७,०५५ | २०५,७६५,६८७ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १५३,५२८,०९३ | ९४,५३४,३९६ | ११५,०६६,६१८ |
| १.४ | व्यवस्था फिर्ता | – | – | ९,६४०,०३७ |
| १.५ | अन्य आम्दानी | ४४,९६९,२२९ | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | १३२,४५८,०४८ | १४६,४१०,८२२ | ९२,४३८,८७८ |
| २.१ | व्यवस्थापन खर्च | ५५,९२२,८१६ | ३३,२१३,१०१ | ४४,१४९,१९३ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १६,६९१,९६१ | ८३,७९२,६०६ | १२,९७६,२४० |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ४२,६८३,२९५ | १८,०७४,१५९ | २४,८४४,८९४ |
| २.७ | आयकर | १७,१५९,९७६ | ११,३३०,९५६ | १०,४६८,५५१ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | | – |
| | खुद नाफा/नोक्सान (१-२) | ४०९,६७२,९७४ | १६९,४१०,६३० | २३८,०३३,४६४ |

## एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | १०,४२५,९४६,४८२ | ६,६६७,७३८,४१७ | ८,५२०,५७०,२९७ |
| १.१ | बीमाशुल्क (खुद) | ७,८१७,३२८,२०० | ४,८५९,९९४,५४८ | ६,२३१,८३०,७३२ |
| १.२ | पुनर्बीमा कमिशन आय | ९,३९१,९५९ | ५,९००,००० | – |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | १,५४४,११०,५४८ | ९०७,४१४,६२० | १,४५४,७८०,०३१ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३६४,१११,४७६ | २२४,५९९,११३ | २१३,४१२,४४३ |
| १.५ | अन्य प्रत्यक्ष आय | ६१,५४८,०८९ | ४०,३७३,९२५ | ४९,७५८,७८४ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ३२१,९७२,५०२ | ३२१,९७२,५०२ | १७३,५५१,८३० |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३०७,४८३,७०८ | ३०७,४८३,७०८ | ३९७,२३६,४७७ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | ४,२९९,३३६,६७८ | २,६९९,४४३,८०६ | २,७६९,४२१,६४० |
| २.१ | दावी भुक्तानी (खुद) | १,९४५,७२९,८१३ | १,१८६,३०५,१७९ | ८८३,२०१,६२६ |
| २.२ | अभिकर्ता कमिशन | ७२९,७४६,४१८ | ४२३,९९१,०९४ | ७०२,७१९,७६७ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | २,८७४,४८७ | १,३९९,४४० | २,८८०,०८३ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ७८,१७३,२८२ | ४८,५९९,९४५ | ६२,३१८,३०७ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ७३३,८७६ | ३४९,४४६ | ८९२,७७० |
| २.७ | व्यवस्थापन खर्च | ५०३,३०५,३४५ | २९८,९१७,९०६ | ३९७,३४२,७३४ |
| २.८ | आयकर | १८३,६९५,८६६ | ११३,२२५,६७८ | १५६,०९४,७३३ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ५८०,०९३,८८४ | ३७९,१७१,४१० | २४६,१८२,४३८ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | २७४,९८३,७०८ | २४७,४८३,७०८ | ३१७,७८९,१८२ |
| ३ | वचत (१-२) | ६,१२६,६०९,८०४ | ३,९६८,२९४,६११ | ५,७५१,१४८,६५७ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ५,७८२,९७६,१०३ | ३,७४७,००७,५५५ | ५,५४५,३८२,९७० |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३४३,६३३,७०१ | २२१,२८७,०५५ | २०५,७६५,६८७ |

## अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ४८,१०१,३०३ | ४५,१०५,८३५ | ३६,२५७,५८५ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | ७,९४४,२१६ | ४,९४८,७४८ | ६,३५६,६८७ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,०२४,६४२ | १,००९,८१० | १,००८,७७० |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७२-७३ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७३-७४ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | १,९४५,७३० | १,२४३,५०४ | ८८३,२०२ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | १७,८९५ | ११,५७६ | १४,०४७ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | ५८०,०९४ | ३७९,१७१ | २४६,१८२ |

दृष्टव्य:
१) कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।
२) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
३) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

# आ.व. २०७३/०७४ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७४/०१/१९ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख बित्तिय अनुपातहरु :

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १७.६४ | प्रति शेयर नेटवर्थ : २६०.१४ | पि.ई. अनुपात : १४१.१५ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,५२९.१४ | औसत प्रतिफल दर : ७.५८ |


*उपरोक्त वित्तिय अनुपातहरुमा बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।


कम्पनीले आ.व.२०७३/७४ को तेस्रो त्रैमासिक अवधि सम्ममा रु. ४०.९७ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.२३.८० करोड मुनाफा आर्जन भएको थियो । उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ७२.११ प्रतिशतले बृद्धि भएको छ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ५७८.३० करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.३,७१८.८२ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.७९४.४२ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. ६३५.६७ करोडको तुलनामा २४.९७ प्रतिशतले बृद्धी भएको हो । कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ ।
कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. २२०.३८ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ । कम्पनीले तेस्रो त्रैमासिक अवधिसम्ममा रु. ४४.२९ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ३०.०८ अर्व मा ४७.२४ प्रतिशतको बृद्धी हो । विधमान वजारमा लगानीको प्रतिफलमा उत्साहजनक बृद्धी हुँदै गई रहेकोले यस अवधिसम्मको औसत प्रतिफलमा सुधार भएको देखिन्छ । लगानी जीवन वीमाकोष कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण: क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं। ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु २,८४० | न्यूनतम मूल्य : रू. १,९६९ | अन्तिम मूल्य : रू. २,४९० | कारोबार संख्या : ५,४३,८६९ कित्ता | कारोबार दिन : ५९ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ । अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यद्दपी कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...